नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरबार, काठमांडौ

(मानव संसाधन योजना शाखा)

प.सं. :- ०८२/८३

च.नं. :- ११६

मिति :- वि.सं. २०८२/१०/२०

ने.स. :- ११४६ सिल्लागा, २ मंगलवार

विषयः स्वदेश स्थित विश्वविद्यालयबाट प्राप्त छात्रवृत्तिको लागि मनोनयन सिफारिस गर्ने सम्बन्धमा।

श्री सेवा/समूह/उपसमूह सञ्चालन गर्ने मन्त्रालय/निकाय

सबै।

निजामती सेवा नियमावली, २०५० को नियम ६१ को उपनियम (१क) बमोजिम सेवा, समूह, उपसमूहलाई उपयोगी र आवश्यक हुने कुनै विषयमा स्वदेश स्थित कुनै विश्वविद्यालय वा त्यस अन्तर्गतको कुनै अध्ययन संस्थान वा संकायबाट प्राप्त छात्रवृत्ति वा कोटामा वा नेपाल सरकारको खर्चमा अध्ययनको लागि सम्बन्धित मन्त्रालयले निजामती सेवा ऐन, २०४९ को दफा ४०ख. को उपदफा (३) बमोजिमको समितिमा मनोनयनका लागि सिफारिस गर्दा विश्वविद्यालय, अध्ययन संस्थान वा संकायसँग वार्षिक रूपमा निजामती कर्मचारीको लागि निर्धारण गरिएको कोटा संख्या खुल्ने गरी गरिएको समझदारीपत्र (Memorandum of Understanding- MOU) को प्रतिलिपि सहित पेश गर्नुहुन र उक्त समितिबाट स्वीकृत भए पश्चात् मात्र कबुलियतनामा, बिदा स्वीकृति लगायतको कार्य सम्पादन गर्न सबै सेवा/समूह/उपसमूह सञ्चालन गर्ने मन्त्रालय/निकायहरूमा लेखी पठाउने भनी निजामती सेवा ऐन, २०४९ को दफा ४०ख. को उपदफा (३) बमोजिमको समितिको मिति २०८२/१०/१९ मा बसेको ४३६ बैठकबाट निर्णय भएकोले सोहि बमोजिम गर्नु गराउनुहुन अनुरोध छ।

प्रमाणित डिजिटल हस्ताक्षर गर्ने व्यक्ति
Namaraj Wagle
namaraj.wagle@nepal.gov.np

(नमराज वाग्ले)

शाखा अधिकृत

बोधार्थः

श्री सूचना प्रविधि शाखा

(मन्त्रालयको वेबसाइटमा अपलोड गरिदिनुहुन।)